# लोक सेवा आयोग
# जलेश्वर कार्यालय
जलेश्वर, महोत्तरी, नेपाल


## स्टाफ नर्स पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

सूचना नं.१२६/२०८२-०८३, मिति २०८३/०२/२२

लोक सेवा आयोग, जलेश्वर कार्यालयको **विज्ञापन नं. ११४०९-११४१२/०८२-८३ (खुला तथा समावेशी)**, नेपाल स्वास्थ्य सेवा, जनरल नर्सिङ्ग समूह, सहायक पाँचौं तह (प्राविधिक), **स्टाफ नर्स** पदको लागि दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षार्थीहरुले पालना गर्नुपर्ने नियमहरु **द्रष्टव्य**मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम

| पत्र | विषय | परीक्षा प्रणाली | परीक्षा मिति | समय र अवधि |
|---|---|---|---|---|
| प्रथम | सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन (General Awareness & Public Management) | वस्तुगत : बहुवैकल्पिक प्रश्न (Objective: MCQs) | २०८३ असार ९ गते | बिहान ९:०० बजे (४५ मिनेट) |
| | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based – knowledge) | | | |
| द्वितीय | सेवा सम्बन्धित कार्य-ज्ञान (Job Based – knowledge) | विषयगत : छोटो र लामो उत्तर (Subjective: Short & Long Answer) | | बिहान १०:१५ बजे (२ घण्टा १५ मिनेट) |

### परीक्षा केन्द्र

| क्र.सं. | रोल नं. | | उम्मेदवार संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | १५०००१ | १५०२०० | २०० | श्री राम नारायण अयोध्या मा.वि., पिपरा, महोत्तरी (केन्द्र-क) |
| २ | १५०२०१ | सबै | १६३ | श्री राम नारायण अयोध्या मा.वि., पिपरा, महोत्तरी (केन्द्र-ख) |

### द्रष्टव्य:-

१. प्रवेशपत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेश पत्र अनिवार्य** रुपमा साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै परीक्षा भवनमा आइपुग्नुपर्नेछ।
२. परीक्षामा **कालो मसी** भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ।
३. बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै प्रकारको क्याल्कुलेटर (Calculator) प्रयोग गर्न पाइने छैन।
४. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा **अंग्रेजी ठूलो अक्षर (Capital Letter) मा A, B, C, D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने** छ । साथै, उत्तरपुस्तिकामा प्रश्नपत्र अनुसारको **Key अनिवार्य उल्लेख गर्नु पर्ने**छ।
५. परीक्षा भवनमा झोला, स्मार्टवाच, मोवाइल फोन र अन्य इलेक्ट्रोनिक डिभाइसहरु निषेध गरिएको छ।
६. प्रवेश-पत्र सँगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको **फोटो समेतको कुनै परिचयपत्र** अनिवार्य रुपमा लिई आउनुपर्नेछ।
७. परीक्षार्थीलाई तोकिएको परीक्षा केन्द्र बाहेक **अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन**।
८. सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारले सहयोगी लेखक माग गर्नु पर्ने कारण र प्रमाण सहित कागजात संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८(१) बमोजिम परीक्षा शुरु हुने मितिभन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु पर्नेछ।
९. लोक सेवा आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुनेछैन।

| (सुमन आचार्य) | (नविन गिरी) | (कृष्णमणि फुँयाल) |
|---|---|---|
| **कम्प्युटर अपरेटर** | **शाखा अधिकृत** | **उपसचिव** |